# धनगढी उप – महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा युवा तथा खेलकुद महाशाखा
## धनगढी, कैलाली

प स २०७६/०७७
च न ५५७८

मितिः २०७६।११।२८

श्री सम्पुर्ण सामुदायिक विद्यालयहरु
धनगढी उप महानगरपालिका धनगढी, कैलाली

विषयः- विद्यालय स्तरीय सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समिति गठन सम्वन्धमा ।

प्रस्तुत सम्वन्धमा कक्षा ६ देखि १२ सम्मका सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुको लागि सेनिटरी प्याड वितरण कार्यक्रम अन्तरगत विद्यालयको खातामा रकम निकासा गरिने भएकाले सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६ को दफा १६ बमोजिम प्रतेक विद्यालयमा विद्यालय स्तरीय सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समिति गठन गरी सेनिटरी प्याड वितरण तथा व्यवस्थापन गर्न हुन अनुरोध छ ।

अकवर चन्द
शाखा अधिकृत
अकवर चन्द
अधिकृतस्तर आठौं

(ङ) महिला तथा बालबालिका शाखाका अधिकृत वा कर्मचारी एकजना - सदस्य

(ङ) शिक्षा शाखाका अधिकृत वा कर्मचारी एकजना - सदस्य-सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिका बैठकमा आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ।

(४) समितिको बैठकको कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

१५. स्थानीय तहस्तरीय सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार : स्थानीय तहस्तरीय सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) स्थानीय तहभित्रका सामुदायिक विद्यालयका छात्राहरुलाई आवश्यक पर्ने सेनिटरी प्याड समयमै खरिद तथा वितरण भए नभएको अनुगमन गर्ने,

(ख) आफ्नो स्थानीय तहभित्रका सामुदायिक विद्यालमा सेनिटरी प्याड उपलब्ध भए नभएको, उपलब्ध सामग्रीको सदुपयोग भए नभएको र प्रयोग गरेका सामग्रीको वातावरणमा प्रतिकूल असर नपर्ने गरी विसर्जन भए नभएको अनुगमन गरी आवश्यक निर्देशन दिनुका साथै आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ग) स्थानीयस्तरमा सेनिटरी प्याड उत्पादन गर्ने उद्यमीहरुसँग समन्वय र सहकार्य गर्ने,

(घ) अन्य आवश्यक कार्य गर्ने।

१६. विद्यालयस्तरीय सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समिति : सामुदायिक विद्यालयमा सेनिटरी प्याडको प्राप्ति, सुरक्षित भण्डारण, वितरण, सदुपयोग तथा किशोरी स्वास्थ्य र प्रजनन स्वास्थ्य सम्बन्धी सचेतनाका लागि देहाय बमोजिम एक विद्यालयस्तरीय सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समिति रहनेछ :-

(क) प्रधानाध्यापक -संयोजक

(ख) स्वास्थ्य, जनसंख्या र वातावरण वा सामाजिक विषयका शिक्षक एकजना -सदस्य

(ग) महिला शिक्षक -सदस्य

(घ) प्रधानाध्यापकले तोकेका किशोरी छात्राहरुका
प्रतिनिधि दुईजना -सदस्य

(ङ) विद्यालय रहेको क्षेत्रको स्वास्थ्य स्वयंसेविका -सदस्य

(च) विद्यालयका सम्पर्क व्यक्ति -सदस्य-सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको मिति, समाय र स्थानमा बस्नेछ।

(३) समितिको बैठकमा आवश्यकता अनुसार विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(४) समितिको बैठकको कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

१७. <u>विद्यालयस्तरीय सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार:</u> विद्यालयस्तरीय सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विद्यालयका छात्राहरुको संख्याको आधारमा आवश्यक पर्ने सेनिटरी प्याड स्थानीय तहसँग माग गर्ने,

(ख) विद्यालयमा प्राप्त सेनिटरी प्याडको अभिलेख राखी आवश्यकतानुसार छात्राहरुलाई वितरण गर्ने,

(ग) वातावरणमा प्रतिकूल असर नपर्ने गरी सेनिटरी प्याड विसर्जनको व्यवस्था मिलाउने,

(घ) सेनिटरी प्याडको सदुपयोग, विसर्जन र महिनावारी व्यवस्थापन सम्बन्धमा शिक्षक, छात्रा तथा अन्य सरोकारवालाहरुलाई सचेतना सम्बन्धी कार्यक्रम संचालन गर्ने,

(ङ) अन्य आवश्यक कार्य गर्ने।

## परिच्छेद-६

## विविध

१८. <u>गुनासो सम्बन्धी व्यवस्था</u> : खरिद भएको सेनिटरी प्याडको गुणस्तर पर्याप्त भए नभएको, सुरक्षित तवरबाट भण्डारण भए नभएको, छात्राहरुको आवश्यकता अनुसार वितरण भए नभएको, महिनावारी स्वास्थ्य र किशोरी स्वास्थ्यका विषयमा छात्राहरुलाई जानकारी तथा शिक्षा दिने गरिए नगरिएको सम्बन्धमा गुनासो सङ्कलन गर्न स्थानीय तह र विद्यालयले आ-आफ्नो हाताभित्र एउटा गुनासो पेटिकाको व्यवस्था गरी प्राप्त गुनासोको सम्बोधन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।



नेपाल सरकार ... सिंहदरबार, काठमाडौं